Coronavirus CivActs Campaign presents

CIVIC ACTION TEAMS

# FAIR FACTS

अंक १०८

१८।०२।२०७८



## भोका कुकुरहरुलाई खाना खुवाउने अभियानमा बनेपाका युवाहरु ।

*तस्विर: केशवराज पौडेल*



भेरी अस्पतालमा स्वास्थ्यकर्मी माथी बिरामीका आफन्तद्वारा आक्रमण र तोडफोड, छानबिन र कारवाहीको माग गर्दै स्वास्थ्यकर्मीहरु आन्दोलित ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र


**कोभिड - १९ रोकथाममा भएको खर्च मन्त्रालय द्वारा सार्वजनिक**

जम्मा खर्च रु. करिब ९ अर्ब ७२ करोड ३० लाख ८३ हजार ।

---

**११ हप्ता बितिसक्दा पनि दोस्रो मात्रा खोप लगाउने सरकारको कुनै तयारी छैन ।**

१२ हप्ता पछि लगाउँदा त्यसको प्रभावकारीता घटेपनि प्रभावहिन भने हुँदैन ।

---

**कथा किनाराको - कोभिड प्रभावितका सारथी अनिल**


ढकालले स्वयंसेवक समुह वनाएर कोभिड विरुद्धको प्रतिकार्यमा लाग्नुपर्ने वताएपछि कर्णाली प्रदेश मन्त्रिपरिषद्को वैठकले कोभिड प्रतिकार्यको लागि स्वयंसेवक गठन गर्ने निर्णय गर्‍यो ।

# फ्याक्ट सिट

## मन्त्रालयले सार्वजनिक गर्‍यो कोभिड - १९ रोकथाममा हालसम्म भएको खर्च विवरण

पिसिआर किट, एक्सट्र्याक्सन किट, भिटिएम, एन्टिजेन किट, मास्क, गाउन, सर्जिकल पञ्जाहरु, अक्सिजन प्रणाली सुदृढिकरण, आईसियु, एचडियु तथा अन्य औषधी उपकरणको व्यवस्थापन, स्वास्थ्यकर्मीको जोखिम भत्ता, नि:शुल्क परिक्षण तथा उपचार, खोप खरिद तथा अभियान सञ्चालनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत भएको खर्च

**रु. ५ अर्ब १७ करोड ७२ लाख ८३ हजार**







खोप कार्यक्रम र एचडियुको लागि भुक्तानी हुन बाँकी रकम

**रु. २ अर्ब ५४ करोड ५८ लाख**

विभिन्न राष्ट्र र संघसंस्थाबाट उपकरण तथा स्वास्थ्य सामाग्री मार्फत प्राप्त सहयोग

**करिव २ अर्ब**

*(स्वीजर्ल्याण ९७ करोड, अमेरीका ४३ करोड, सिंगापुर स्थीत सामाजिक संस्थाबाट २३ करोड, स्पेन १२ करोड , चिन सरकार ७ करोड, बंगलादेश ४ करोड, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसंस्थाबाट १३ करोड)*



जम्मा खर्च

**रु. करिब ९ अर्ब ७२ करोड ३० लाख ८३ हजार**

### कोभिड - १९ व्यवस्थापनका लागि रु. ५ अर्ब २२ करोड को उपकरण सहायता प्राप्त गर्ने प्रकृयामा

| जर्मन सरकारको KFW | एसियाली विकास बैंक | विश्व बैंक | जापान सरकार |
|---|---|---|---|
| रु. १ अर्ब ४२ करोड | रु. ३६ करोड | रु. २४ करोड | रु. ३ अर्ब २० करोड |

*कोभिड - १९ को द्रुत कार्ययोजनाका आधारमा खोप लगायत निदान उपचार र व्यवस्थापनका लागि १४ अर्ब स्रोत सुनिश्चित भएको छ ।*

*नोट: प्रस्तुत विवरण २०७८ जेष्ठ १० गते सम्मको हो*

सरकारले गरेको खर्चप्रति आम नागरिकको चाँसो हुनु स्वभाविक हो । अहिलेको जस्तो महामारीमा सरकार पारदर्शी हुनु महत्वपूर्ण हुन्छ । यसले सरकारलाई नागरिक प्रति जवाफदेही बनाउँनुका साथै नागरिकको सरकारप्रतिको विश्वास बलियो हुन्छ । ढिलै भएपनि सरकारले खर्चको विवरण सार्वजनिक गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रीले नै बेलाबेलामा मन्त्रालयले खर्च सम्बन्धी स्वेतपत्र जारी गर्ने प्रतिवद्धता गर्नुलाई सकारात्मक रुपमा लिन सकिन्छ, तर यसको कार्यान्वयनको पक्ष हेर्न बाँकी नै छ ।

Source: https://cutt.ly/hnsOoS0

# हल्ला र तथ्य

पहिलो मात्रा खोप लगाएका व्यक्तिले ९ देखी १२ हप्ता भित्रमा दोस्रो मात्रा खोप लिनुपर्ने भनिएको थियो । ११ हप्ता बितिसक्दा पनि दोस्रो मात्रा खोपको लगाउने सरकारको कुनै तयारी छैन । समयमै खोप नलगाउँदा यसले असर गर्दैन ?

विश्व स्वास्थ्य संगठनले पनि कोभिशिल्ड खोपको पहिलो मात्रा लगाएका व्यक्तिले ९ देखी १२ हप्ता भित्रमा दोस्रो मात्रा खोप लगाउनु भनेको छ । २०७७ फागुन २३ गते पछि खोप लगाएका करिब साढे १३ लाख व्यक्तिले दोस्रो मात्रा खोप लगाउने समय आईसक्दा पनि तत्काल खोप पाउने सम्भावना कम छ । १२ हप्ता पछि लगाउँदा त्यसको प्रभावकारीता घटेपनि प्रभावहिन भने हुँदैन । यसकोलागि सरकारले विकल्पहरु खाजिरहेको जनाएको छ ।

Source: https://cutt.ly/gnsPo4l

मान्छेहरु प्राय कोभिड - १९ को लक्षण देखिएपछि वा संक्रमण पुष्टि भएपछि मात्र सचेत हुन्छन । त्यो भन्दा अगाडी अरुलाई संक्रमण सार्ने सम्भावना कम हुन्छ ?

विश्व स्वास्थ्य संगठनका अनुसार, कुनै पनि संक्रमित व्यक्तिमा कोभिड - १९ का लक्षणको विकास हुनु भन्दा २ दुई दिन अगाडी सबै भन्दा बढी संक्रमण सार्न सक्ने सम्भावना हुन्छ । त्यो सँगै लक्षण नदेखिएका संक्रमितले पनि संक्रमण सार्न सक्ने सम्भावना रहन्छ । त्यसैले पनि सम्भावित संक्रमितले परीक्षण नेगेटिभ नआउँदासम्म छुट्टै बस्नु पर्दछ ।

Source: https://cutt.ly/4ndvcl7

नेपालमा दोस्रो लहरको कोरोनाको दर कम हुँदै गईरहेको छ, फेरी निषेधाज्ञा चाहीँ किन कडा बनाएको होला ?

अहिले पनि नेपालमा परीक्षण गारिएका मध्ये संक्रमण पुष्टि हुने दर निकै नै बढी छ । अहिले यो दर, प्रति १०० जनाको परीक्षण गर्दा करिब ३८ जनामा संक्रमण पुष्टि हुने गरेको छ । यसको मतलब समुदायमा संक्रमण भएका तर, परीक्षण नगरेका व्यक्ति थुप्रै छन् भन्ने बुझिन्छ । तथ्यांकले संक्रमण देखिने संख्या केही कम देखाए पनि, हामी सामान्य अवस्था तर्फ जाँदैछौं भन्ने भ्रममा पर्नु हुँदैन । प्रति १०० जनमा ५ जना भन्दा कममा संक्रमण देखिनुलाई राम्रो मानिन्छ ।


Source: https://cutt.ly/gnsPo4l

# कोभिड - १९ र महिला विरुद्ध हुने हिंसा
# लकडाउनको अवधीमा यौन हिंसाका घटना बढे

वास्तवमै के कुराले हामीलाई मृत्युको मुखमा पुऱ्याईरहेको छ ? भाईरसले ? वा दण्डहीनता, भ्रष्टाचार, अप्रभावकारी व्यवस्था र इमानदार नेतृत्वको कमीले ?

COCAP

## २०२० फेब्रुअरी देखी २०२१ मार्चसम्म दर्ता भएका महिला विरुद्ध हुने हिंसाहरू






**७९%** जम्मा दर्ता भएका घटना मध्ये **महिला हिंसा**

स्पष्टिकरण: महिलामाथि हुने हिंसाका घटना सम्बन्धी यो तथ्यांक अनलाईन मिडिया, राष्ट्रिय दैनिकहरू, जिल्ला स्तरमा प्रकाशित हुने पत्रपत्रिकाहरू र नेपाल प्रहरीको वेवसाईटबाट संकलन गरी एकिकृत गरिएको हो । त्यसैले, यसले वास्तविक तथ्यांक भन्दा पनि महिलामाथि हुने हिंसाका घटनाहरूको प्रवृतिलाई उजागर गर्दछ ।

बाहिर भनिए जस्तो तथ्यांकले लकडाउनको अवधीमा महिला विरुद्ध हिंसाका घटनाहरू बढेको देखाउँदैन । माथिको समयरेखाले लकडाउनको अवधीमा महिला विरुद्ध हिंसाका घटना बढेको देखाए पनि, यो दर सामान्य अवस्थामा पनि उच्च छ । नेपाल प्रहरीको तथ्यांकले पनि २०२० र २०२१ मा महिला विरुद्ध हिंसाका घटनाको संख्या उस्तै रहेको देखाउँछ । जे भए पनि, महिला विरुद्ध हिंसाका घटनारु ठुलो संख्यामा बाहिर आईरहेकाछन् । यसलाई न्युनिकरण गर्न सरकारले आफ्नो योजनाको प्राथमिकतामा राख्न आवश्यक छ ।

सो अवधीमा दर्ता भएका जम्मा घटनाहरू मध्ये ७९% यौन हिंसाका घटना दर्ता हुनुले भने सोच्न बाध्य बनाउँछ । यसको मतलव, लकडाउनले पनि नेपालमा हुने यौनजन्य हिंसालाई कम गर्न सकेन । यस्तो अवस्थामा सरकारले आफ्ना नागरिकको सुरक्षा कसरी गर्ला ?

Source: https://nepalmonitor.org/

# श्रमिक साथी

Shramik Sanjal

## कतार, कुवेत, मलेसिया र यूएईमा नयाँ नियमहरु

### कतारः

१ जुन, २०२१ देखी नेपाल र कतार बिच उडान शुरु हुने भएको छ । दुबै डोज खोप लगाएका र नेगेटिभ रिपोर्ट आएका व्यक्ति १० दिन होम क्वारेन्टाईनमा बस्ने सर्त सहित घर जान सक्नेछन् भने, एक डोज खोप लगाएका र नेगेटिभ रिपोर्ट भएकाहरु होटेलमा बस्नुपर्ने छ र ३ दिन पछी रिपोर्ट नेगेटिभ आएमा घर जान सक्नेछन् । कुनै पनि खोप नलगाएकाहरु १० दिन आफ्नै खर्चमा होटेल क्वारेन्टाईनमा बस्नुपर्ने छ । नेपालबाट कतार जानले भने नेगेटिभ रिपोर्ट भएपनि होटेल क्वारेन्टाईनमै बस्नुपर्ने छ ।



### कुवेतः

कोभिड खोपका लागि दैनीक ४ हजार देखी ५ हजार जनालाई खोप दिन सकिने कुवेतकै पहिलो ड्राईभ-थ्रु भ्याक्सिनेशन सेन्टर ३० मे, २०२१ देखी सञ्चालनमा आएको छ । जाबेर ब्रिजमा राखिएको ड्राईभ-थ्रु कोभिड भ्याक्सिनेशन सेन्टरमा २० वटा बुथबाट सेवा दिइने छ ।



### मलेसियाः

जुन १ देखी मलेसियामा अत्यावश्यक बाहेकका सवै सेवा बन्द रहनेछन् । अत्यावश्यक कामको लागि कामदारहरुले फेरी पास लिनुपर्ने छ । बाहिर किनमेलमा जाँदा पनि परिवारबाट २ जना मात्र बाहिर जान पाईने भएको छ ।

### यूएईः

- दुबई एयरपोर्टमा ३-४ घण्टा भित्र नतिजा आउने पिसिआर परीक्षण शुरु भएको छ ।
- आबुधावीमा सिनोफार्म बुस्टर लगाउन १०० भन्दा बढी सेण्टरहरु सञ्चालनमा आएकाछन् । सिनोफार्म बुस्टरलाई खोपको तेस्रो डोज भनेर बुझिन्छ ।



www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

# कथा किनाराको

## कोभिड प्रभावितका सारथी अनिल

कर्णालीमा कोभिडको संक्रमण वढिरहेको थियो । सामाजिक सञ्जालमा कोभिडको बारेमा आएका डरलाग्दा समाचार र मृत्युको तथ्यांकले मानिसहरूलाई डर पैदा गरिरहेको थियो । यसले आम नागरिक, कोभिड संक्रमित र संक्रमितका आफन्तहरूलाई नकारात्मक प्रभाव पार्न सक्ने बुझेका सुर्खेतका युवा अनिल ढकाललाई केही गर्नुपर्छ भन्ने लाग्यो । त्यसपछि उनको नेतृत्वमा सुर्खेतका युवाहरूले एउटा फेसबुक पेज खोले "कोभिड जित्दैछ कर्णाली" । विगत एक महिनादेखि यो पेजबाट हरेक दिन स्वास्थ्यकर्मी, जनप्रतिनिधी लाइभमा आउने र कोभिडको विषयमा सचेत वनाउँदै सकारात्मक उर्जा भर्ने काम गरिरहेका छन् । त्यसपछि, ढकालले कोभिडका कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापनमा समस्या देखे । त्यसका लागि सामाजिक सञ्जालमा सहयोगको अपिल गरे र २ जना संक्रमित मृतकको रितपूर्वक दाहसंस्कार गर्न सहयोग पुऱ्याए ।




राज्यको दायित्व एउटा व्यक्तिले निर्वाह गरिरहेको देखेपछि स्थानीय प्रशासनले कोभिडका कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापनको लागि सम्बन्धित निकायलाई जिम्मेवार वनायो ।




यो समस्या पनि समाधान भइसकेपछि ढकाल अक्सिजनको अभाव तथा कोभिड संकटमा प्रदेश सरकार जिम्मेवार बन्नुपर्छ भनेर स्थानीय युवाहरूलाई लिएर मुख्यमन्त्री कार्यालय अगाडी धर्ना वसे । धर्ना वस्दैगर्दा मुख्यमन्त्रीले उनीहरूसँग छलफल गरे र विकल्पहरु खोजे । ढकालले तत्काल कर्णालीमा स्वयंसेवक समुह वनाएर कोभिड विरुद्धको प्रतिकार्यमा लाग्नुपर्ने वताए । नभन्दै त्यसलगत्तै वसेको कर्णाली प्रदेश मन्त्रिपरिषद्को वैठकले कोभिड प्रतिकार्यको लागि स्वयंसेवक गठन गर्ने निर्णय गऱ्यो । ढकालकै नेतृत्वमा सुर्खेतमा अटो एम्वुलेन्सको सुरुवात भयो । हाल ३ वटा अटोले कोभिडको संक्रमितलाई अस्पतालसम्म पुऱ्याइरहेका छन् । उनकै नेतृत्वमा हाल कर्णाली प्रदेश आयुर्वेद अस्पतालमा रहेको आइसोलेशनमा रहेका बिरामी र बिरामीका कुरुवाहरूलाई बिहान र वेलुका भोजन गराइएको छ ।

ढकालको प्रयास यतिमै रोकिएको छैन् । अहिले उनले निषेधाज्ञाका कारण अलपत्र परेका नागरिकहरूलाई कसरी गन्तव्य सम्म पुऱ्याउन सकिन्छ भनेर काम गरिरहेका छन् । त्यसका लागि सुर्खेत बसपार्कमा हेल्प डेस्क शुरु हुँदैछ । ढकाल भन्छन्, "आज अरुलाई परेको संकट भोली मलाई पर्न सक्छ । हामी युवाहरूले सवै कुरामा राज्यको मुख ताकेर मात्र हुँदैन । कति समस्याहरु त हाम्रा साना प्रयासले मात्र पनि समाधान भइदिन्छन् । त्यसपछि त राज्य आउनै पर्छ ।"

# भोइसेस आउट लाउड - मेरो कुरा

म वीरेन्द्रनगर कोभिड अस्पतालले सञ्चालन गरेको एम्वुलेन्स चलाइरहेको छुँ । कति बिरामी त मैले एम्वुलेन्स चलाउँदा चलाउँदै वित्नुभएको छ । वल्ल वल्ल अस्पताल पुऱ्यायो, अस्पतालमा कसैले रेस्पोन्स नगर्ने । म आफैंले अधिकांश विरामीलाई वेडको व्यवस्था गरेको छुँ । कहिलेकाहीँ त खाना खाने पनि फुर्सद हुँदैन, एउटा विरामी पुऱ्यायो, अर्को लिन गइहाल्यो । स्वास्थ्यकर्मी लगायत अरु त सवैको नजरमा पर्छन्, तर हामीलाई कसैले मतलव गर्दैन । पालिकाले पठाएपछि के कस्तो छ भनेर सोधेको छैन् । म जस्तै एम्वुलेन्स चालकहरु अहिले दिनरात कोभिडका बिरामी बोकिरहेका छौं । हामीले यसलाई अप्ठ्यारोमा गर्नुपर्ने सेवाको रुपमा लिएका छौं ।

## चन्द्र बहादुर थापा

कोभिडका विरामी बोक्ने एम्बुलेन्स चालक,
वीरेन्द्रनगर, सुर्खेत





## लक्ष्मी कुमारी उपाध्याय

नर्स, सेती प्रादेशिक अस्पताल,
कोभिड आइसियू वार्ड, कैलाली

कोभिड १९ को पहिलो लहर आउँदा सुरक्षाका सामान्य साधनहरु बिना नै काम गर्दा डर लागेको थियो । मृत्यू दर कम भएकाले विस्तारै डर पनि कम हुँदै गएको थियो । बिरामीहरु पनि निको भएर खुशि हुदै घर फर्कनु हुन्थ्यो । त्यो समयमा आफुलाई पनि निकै खुशि र सन्तुष्टि मिल्थ्यो । तर, अहिलेको दोस्रो लहरमा संक्रमण दर र मृत्यू दर एकदमै उच्च छ । हामीसँग अहिले प्रयाप्त मात्रामा अक्सिजनको उपलब्धता पनि नभएका कारण कोशिस गर्दागर्दै पनि विरामीहरुलाई बचाउन सकिरहेका छैनौं । निकै दुख लाग्छ । तर पनि आफुले सकेजति दिनरात नभनी बिरामीहरुलाई निको बनाउन लागिरहेका छौं ।

# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS



**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणालीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।

Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगाको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**REACH OUT TO US ON**

- @CivicActionTeams
- @civacts
- @CivActs
- Civic Action Teams
- /accountability_lab

Email: civactsnp@accountabilitylab.org
Phone: 9851203219